बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

बैठक संख्याः ६६

आज मिति २०८२ साल असार ३० गते सोमबार दिनको ३:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यज्यूको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरू गरेको छ।

-:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्ति रत्न शाक्य | |
| २ | उप प्रमुख | श्री विमला सापकोटा दाहाल | |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | |
| ४ | सदस्य (वडा नं. २) | श्री राम प्रसाद घिमिरे | |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्याम सुन्दर श्रेष्ठ | |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | |
| ११ | का.वा.सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्र बहादुर खड्का | |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | |
| १४ | सदस्य (वडा नं. १२) | श्री राम बहादुर कुँवर | |
| १५ | सदस्य (वडा नं. १३) | श्री राम लाल दुवाल | |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | |
| १७ | सदस्य | श्री सुभद्रा बजगाईं | |
| १८ | सदस्य | श्री समिता थापा | |
| १९ | सदस्य | श्री ज्योती बोगटी | |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | |
| २३ | सदस्य | श्री कमला परियार | |
| २४ | सदस्य | श्री रवीन्द्र सुनार | |
| २५ | सचिव (प्र.प्र.अ.) | श्री पोषण लामिछाने | |
| २६ | अधिकृत | श्री यादव खनाल | |

-:: छलफलका विषयहरू ::-

१) बनेपा नगरपालिकाको १६ औं नगरसभाको दोस्रो बैठकमा पेश गर्ने योजना, कार्यक्रम तथा बजेट सम्बन्धमा।

२) विविध।

-:: निर्णयहरू ::-

निर्णय नं. १

आ.व. २०८२/०८३ का लागि बनेपा नगरपालिकाको अनुमानित कूल रु १ अर्व २४ करोड ६५ लाख १३ हजार २ सय ८६ रूपैयाँ २० पैसा आयव्यय समेटिएको बजेटको सीमाभित्र रही स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरी सिफारिस गरेको बजेट सीमाभित्र रही विषयगत समितिहरूको बैठकबाट भएको सिफारिस समेतका आधारमा बजेट तथा कार्यक्रम तर्जूमा समितिबाट सिफारिस भई आए बमोजिमको योजना, कार्यक्रम तथा बजेट सहितको विनियोजन विधेयक, २०८२ स्वीकृत गरी अनुमोदनका लागि नगरसभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

निर्णय नं. २

आ.व. २०८१/०८२ मा बनेपा नगरपालिका न्यायिक समितिबाट सम्पादन भएका देहाय बमोजिम विवरण स्वीकृत गरी अनुमोदनका लागि नगरसभामा प्रस्ताव पेश गर्ने।

देहायः

क) जम्मा उजुरी दर्ता संख्याः ३२ (गत वर्षको जिम्मेवारी सरी आएकोः ८, यस वर्ष दर्ता भएकोः २४)

ख) उजुरी फछ्र्यौट भएको संख्याः ५ (मेलमिलापबाट)

ग) पुनरावेदन परेको संख्याः १

घ) मेलमिलप हुन नसकेर अदालत पठाइएकोः ५

ङ) फैसला भएकाः ९

च) कारवाहीमा रहेको संख्याः १२

न्यायिक समिति सम्बन्धी बैठक एवं अन्य कार्यः

क) न्यायिक समितिको बैठक/इजलाश बसेको संख्याः ४५

ख) न्यायिक समितिमा सूचीकृत मेलमिलापकर्ताहरुको संख्याः ५८

ग) मेलमिलापकर्ताहरुको परिचयपत्र वितरण तथा वार्षिक समीक्षा कार्यक्रम संचालनः १

घ) मेलमिलापकर्ताहरूको ३ दिने पुनर्ताजगी तालिम संचालनः १

कानून निर्माण (हालसम्मको)

क) ऐन, नियमः २४

ख) कार्यविधि तथा निर्देशिकाः ४९

प्रमुख

बनेपा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बनेपा, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ३

बनेपा नगरपालिकाको आ.व. २०८१/०८२ को तपसिल बमोजिम वार्षिक वित्तीय प्रतिवेदन स्वीकृत गरी अनुमोदनका लागि नगरसभामा प्रस्ताव पेश गर्ने।

तपसिलः

| क.सं. | विवरण | विनियोजित रकम रू. | वास्तविक खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | चालू खर्च | ७१,८४,३७,७९७.०४ | ५९,६१,३६,६५७.७७ | ८२.९८ |
| २ | पूँजीगत खर्च | ५१,१९,३०,२३३.७२ | ३८,२९,९२,८२०.६३ | ७४.८१ |
| ३ | वित्तीय व्यवस्थापन खर्च | १,२५,००,०००.०० | ० | ० |
| | जम्मा रकम रू. | १,२४,२८,६८,०३०.७६ | ९७,९१,२९,४७८.४० | ७८.७७ |

निर्णय नं. ४

बुडोल सपिङ कम्प्लेक्सको बेरूजु सम्परीक्षण सम्बन्धी बनेपा नगरपालिका लेखा समितिबाट मिति २०८२/०३/२९ मा निर्णय भई पेश हुन आएको प्रस्ताव स्वीकृत गरी अनुमोदनका लागि नगरसभामा पेश गर्ने।

निर्णय नं. ५

बनेपा नगरपालिका स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको बजेट सीमाभित्र रही वडा समितिको निर्णय बमोजिम सिफारिस भएका नगरस्तरीय र वडास्तरीय योजनाहरू स्वीकृत गरी अनुमोदनका लागि नगरसभामा प्रस्ताव पेश गर्ने।

निर्णय नं. ६

क) बनेपा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४ को भाग २, दफा ३ पछि नयाँ दफा ३(क) **इजाजतपत्र नामसारी/ठाउँसारी/नाम संशोधन सम्बन्धी व्यवस्थामा** "तालुक (आन्तरिक राजस्व विभाग, कम्पनी रजिष्टारको कार्यालय, उद्योग तथा वाणिज्य कार्यालय) निकायबाट नामसारी/ठाउँसारी/नाम संशोधन भई आएका इजाजत पत्रको प्रमुख प्रशासकीय अधिकृतले नियमानुसार दस्तुर लिई नामसारी/ठाउँसारी/नाम संशोधन गरिदिने" व्यवस्था थप गर्ने।

ख) बनेपा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४ मा बनेपा नगर कार्यपालिकाको मिति २०७७/०४/३२ को निर्णय बमोजिम दफा ३ को उपदफा ४ पछि थप गरिएको देहाय उपदफा ५ को व्यवस्था "इजाजत पत्रको लागि आवेदन गर्दा प्रत्येक वर्ष पौष मसान्तभित्र गरिसक्नुपर्ने छ र उक्त म्यादभित्र परेका आवेदनहरू उपर छानविन गरी सोही वर्षको माघ मसान्तभित्रमा इजाजत पत्र प्राप्त हुने नहुने विषयमा नगरपालिकाले निर्णय गरिसक्नुपर्ने छ" लाई निष्कृय गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. ७

तपसिल बमोजिम विषेश प्रस्तावहरू स्वीकृत गरी अनुमोदनका लागि नगरसभामा पेश गर्ने।

तपसिलः

क) काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजना पुनःनिर्माण तथा संचालनका लागि नेपाल सरकार र प्रदेश सरकार समक्ष अनुरोध गर्ने।

ख) नगरभित्रका ५ वटा वडा बालमैत्री घोषणा भएको र बाँकी ९ वटा वडासहित पूरै नगर २०८१ असार मसान्तसम्ममा बालमैत्री घोषणा गर्ने प्रतिवद्धता गरिएकोमा केही सूचक थप भएको र केही सूचक पूरा गर्न बाँकी रहेको साथै सो सम्बन्धी निरन्तर कार्य भैरहेकोले मिति २०८२ चैत्र १४ गते नगर स्थापना दिवसको अवसरमा बनेपा नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्ने।

ग) आ.व. २०८१/०८२ मा नगरस्तरीय योजना अनुगमन तथा जाँचपास समितिले नगर अन्तर्गत संचालित योजनाहरूको अनुगमन निरीक्षण गरी तयार गरेको प्रतिवेदन स्वीकृत गर्ने।

घ) बनेपा नगरपालिका कानून शाखामा रिक्त रहेको कानून अधिकृतको स्थायी पदपूर्ति नहुँदासम्म सेवा करारमा कानून अधिकृत पदको भर्ना प्रकृया अघि बढाउने।

ङ) आ.व. २०८१/०८२ मा बनेपा नगर कार्यपालिकाले विभिन्न मिति र समयमा गरेका निर्णयहरू अनुमोदन गर्ने।

च) महालेखा परीक्षकको कार्यालयबाट बनेपा नगरपालिकाको आ.व. २०८०/०८१ को अन्तिम लेखा परीक्षण भई प्राप्त प्रतिवेदन अनुमोदन गर्ने।

छ) बनेपा नगरपालिकाको मौजुदा दरवन्दी, संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदन स्वीकृतिका लागि बागमती प्रदेश सरकारसमक्ष पेश गरिसकिएको हुँदा उक्त प्रतिवेदन स्वीकृत भई नआएसम्म मौजुदा रहेको दरबन्दी तेरिज तथा संगठन स्वरूपलाई स्वीकृत गरी आ.व. २०८२/०८३ सम्म निरन्तरता दिने।

ज) आ.व. २०८२/०८३ का लागि बनेपा नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरूमा सेवा करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरूको आवश्यकताका आधारमा म्याद थप गर्ने अधिकार नगर कार्यपालिकालाई प्रदान गर्ने।

झ) बनेपा नगरपालिका न्यायिक समितिबाट आ.व. २०८१/०८२ मा सम्पादन भएका कामको वार्षिक विवरण स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम जानकारीका लागि सो समितिबाट पेश भएको विवरण स्वीकृत गर्ने।

ञ) बनेपा नगरपालिका न्यायिक समितिको कार्यविधि सम्बन्धी ऐन, २०७५ को दफा ६०(२) बमोजिम आ.व. २०८१/०८२ सम्म सूचीकृत तथा अद्यावधिक भएका मेलमिलापकर्ताहरुको विवरण आगामी आ.व. २०८२/०८३ का लागि समेत अद्यावधिक गर्ने।

ट) चालू आ.व. २०८१/०८२ मा वडा समितिबाट सिफारिस भई संचालित योजनाहरू, चालू आ.व.मा सम्पादन भएका नीतिगत र प्रशासनिक (कार्यालयीय) निर्णयहरू तथा वित्तीय कारोबारहरू अनुमोदन गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

ठ) नगर कार्यपालिका बैठकले विभिन्न मिति र समयमा निर्णय गरी संशोधन भई संचालन भएका योजना/आयोजनाहरू अनुमोदन गर्ने।

ड) आगामी आ.व. २०८२/०८३ मा कार्यान्वयन गरिने वडास्तरीय योजना/आयोजनाहरू वडाको सिफारिस बमोजिम कार्यपालिका बैठकबाट स्वीकृत गर्ने, कुनै निकायबाट अवन्डा बजेट प्राप्त भएमा त्यस्तो बजेटबाट संचालन गरिने योजना तथा कार्यक्रमहरू स्वीकृत गर्ने र कुनै योजना तथा कार्यक्रमको नाम परिवर्तन गर्नुपर्ने भएमा नाम परिवर्तन गर्ने अधिकार नगर कार्यपालिकामा प्रत्यायोजन गर्ने।

ढ) संघीय र प्रदेश सरकारबाट प्राप्त भएका/हुने वित्तीय हस्तान्तरण अन्तर्गतका सशर्त, समपूरक, विशेष अनुदान र राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गतका योजना तथा कार्यक्रमहरू तोकिए बमोजिम नै खर्च गर्नेगरी बजेट समाहित गर्ने।

ण) बनेपा नगरपालिकाको आ.व. २०८२/०८३ को नीति, योजना, कार्यक्रम तथा बजेट तर्जूमाका क्रममा तयार भएको मध्यमकालीन खर्च संरचना (MTEF) अनुमोदन गर्ने।

त) बनेपा नगरपालिकाको आ.व. २०८२/०८३ को नीति, योजना, कार्यक्रम तथा बजेटमा समावेश गर्नका लागि नगर क्षेत्रभित्र संचालित गैरसरकारी संघसंस्थाहरूले पेश गरेका बजेट तथा कार्यक्रम नगरपालिकाको बजेट तथा कार्यक्रम निर्णय पुस्तिकामा समावेश गर्ने।

थ) बनेपा नगरपालिकाको आ.व. २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रतिवेदन (LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रतिवेदन (FRA) अनुमोदन गर्ने।

द) बनेपा नगरपालिकाले आ.व. २०८१/०८२ मा तर्जूमा गरेका सम्पूर्ण कानून तथा कार्यविधिहरू सहित स्थानीय जलवायु अनुकूलन कार्य योजना (LAPA) अनुमोदन गर्ने।

ध) यस नगरपालिकाको चालू आ.व. २०८१/०८२ मा सम्झौता/स्वीकृत भई कार्यदिश भएका तर भुक्तानी हुन बाँकी रहेका योजना/कार्यक्रमहरू यस आ.व.मा खर्च नभई मौज्दात रहने रकमबाट व्यहोरिने गरी मिति २०८२ मंसिर मसान्तसम्ममा भुक्तानीको व्यवस्था मिलाउन आगामी आ.व. २०८२/०८३ को बजेटमा आवश्यक रकम प्रबन्ध गरी खर्च गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने।

न) बनेपा नगरपालिका र शीर मेमोरियल अस्पतालवीच आमा सुरक्षा कार्यक्रम संचालन गर्न भएको सेवा करार सम्झौता बमोजिम सम्पन्न भएको कार्यक्रमको आर्थिक वर्ष २०८२।०८३ मा भुक्तानी दिने।

ऩ) बनेपा नगरपालिकाको नगरगान देहाय बमोजिम हुनेगरी संशोधन गर्ने।

"ढुकढुकी भन्दा प्यारो छ हामीलाई बनेपा नगरी-२
श्रमले बाँच्ने सिपले जिउने हामी छौं जाँगरी
विविध कला संस्कृति धर्म भाषा र भाषिका
सपना यहीं फूलेका हुन्छन् बनेपाबासीका

प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पुण्यमाताको अटुट जलले यै भूमि सिंचेको
बासुकी पार्क र गोसाई थानले सबको मन जितेको
करूणामय चामुण्डा देवी धनेश्वर मन्दिर
पर्यटन विकास गरेर सबको बदल्छौं तग्दिर
चण्डेश्वरीको आँगन हो यो उग्रचण्डीको साथ
पौरख गरी गर्वले उच्च राख्ने छौं हाम्रो माथ
स्वास्थ्य र शिक्षा कृषि र व्यापार सञ्चारको विकास
छर्दछौं हामी यै भूमिबाट सुनौलो प्रकाश।
बनेपा नगरी — हामी छौं जाँगरी — २"

निर्णय नं. ८

बनेपा नगरपालिका नगरसभाको १६ अधिवेशनको दोस्रो बैठक संचालनका लागि तपसिल बमोजिम कार्यतालिका स्वीकृत गर्ने।

तपसिलः

| क्र.सं. | कार्यक्रम | समय | कैफियत |
|---|---|---|---|
| १ | नगरसभा सदस्यहरूको उपस्थिति प्रमाणीकरण। | ७:५०-८:०० | |
| २ | बिहानको चिया खाजा। | ८:००-८:२० | |
| ३ | नगरसभा सदस्यहरूको सभाकक्ष प्रवेश। | ८:२०-८:२५ | |
| ४ | उपप्रमुख, सदस्य सचिव र सभा सदस्यहरूको स्वागत तथा आशन ग्रहण। | ८:२५-८:३० | |
| ५ | नगरसभा सदस्यहरुले पालना गर्नुपर्ने आचार संहिता सम्बन्धी जानकारी। | ८:३०-८:३५ | |
| ६ | सभाध्यक्ष (नगर प्रमुख) को सभाकक्षमा प्रवेश र स्वागत सहित आशन ग्रहण। | ८:३५-८:४० | |
| ७ | राष्ट्रियगान तथा नगरगान । | ८:४०-८:४५ | |
| ८ | सहिदको सम्झनामा मौनधारण। | ८:४५-८:४६ | |
| ९ | सभाध्यक्षज्यूबाट दीप प्रजलन गरी सभा प्रारम्भ (मंगल धुन)। | ८:४६-८:५० | |
| १० | सदस्य सचिवज्यूबाट सभा संचालनका लागि सभाध्यक्षसमक्ष अनुरोध। | ८:५० | |
| ११ | पहिलो बैठकमा टेबुल भएको आर्थिक विधेयक उपर छलफलमा भाग लिने सभासदहरूलाई सभाध्यक्षद्वारा समय प्रदान। | ८:५०-९:०० | |
| १२ | पहिलो बैठकमा टेबुल भएको आर्थिक विधेयक उपर छलफलमा सहभागी सभासदहरूद्वारा उठाएका सवालहरुको प्रमुख र उपप्रमखबाट सम्बोधन। | ९:००-९:२० | |
| १३ | आर्थिक विधेयक अनुमोदनका लागि सभाध्यक्षद्वारा निर्णयार्थ सभासमक्ष प्रस्ताव पेश। | ९:२०-९:२५ | |
| १४ | बनेपा नगरपालिकाको आ.व. २०८२/०८३ को आर्थिक विधेयक सर्वसम्मति/बहुमतले पारित भएको घोषणा । | ९:२५ | |
| १५ | पहिलो बैठकमा टेबुल भएको बनेपा नगरपालिकाको आ.व. २०८२/०८३ को लागि प्रस्तावित विनियोजन विधेयक (कार्यक्रम, योजना तथा बजेट) उपर छलफलमा भाग लिने सभासदहरूलाई सभाध्यक्षद्वारा समय प्रदान। | ९:२५-९:३५ | |
| १६ | विनियोजन विधेयक उपर छलफलमा सहभागी सभासदहरूद्वारा उठाएका सवालहरुको प्रमुख र उपप्रमखबाट सम्बोधन। | ९:३५-९:५० | |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख

बनेपा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बनेपा, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| १७ | विनियोजन विधेयक अनुमोदनका लागि सभाध्यक्षद्वारा निर्णयार्थ सभासमक्ष प्रस्ताव पेश। | ९:५०-१०:०० | |
| १८ | बनेपा नगरपालिकाको आ.व. २०८२/०८३ को विनियोजन विधेयक सर्वसम्मति/बहुमतले पारित भएको घोषणा | १०:०० | |
| १९ | लेखा समितिको प्रतिवेदन प्रस्तुत गर्न लेखा समितिका संयोजक श्री हिटलर शाक्यलाई समय प्रदान | १०:००-१०:०५ | |
| २० | न्यायिक समितिको प्रतिवेदन प्रस्तुत गर्न समितिका संयोजक श्री विमला सापकोटा दाहाललाई समय प्रदान | १०:०५-१०:१० | |
| २१ | विशेष प्रस्ताव सभाध्यक्षज्यूबाट सभासमक्ष प्रस्तुत | १०:१०-१०:२० | |
| २२ | विशेष प्रस्ताव, न्यायिक समिति र लेखा समितिका प्रतिवेदन स्वीकृतिका लागि सभामा पेश | १०:२५ | |
| २३ | विशेष प्रस्ताव, न्यायिक समिति र लेखा समितिका प्रतिवेदन पारित भएको घोषणा | १०:३० | |
| २४ | सभाध्यक्षद्वारा शुन्य समय (समसामयिक ज्वलन्त विषयमा छलफल) प्रारम्भ भएको घोषणा | १०:३५ | |
| २५ | शुन्य समयमा भाग लिन चाहाने सभासदहरूलाई सभाध्यक्षबाट समय प्रदान | १०:३५-१०:५० | |
| २६ | शुन्य समयमा सहभागी सभासदहरूद्वारा उठाएका सवालहरुको प्रमुख र उपप्रमखबाट सम्बोधन। | १०:५०-११:०० | |
| २७ | नगरसभाको बैठक अन्त्य भएको घोषणा | ११:०५ | |
| २८ | खाना खाजा कार्यक्रम | ११:१५ देखि | |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल